# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, असार २५ गते, २०७६ साल (संख्या ५

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ सालको ऐन नं. १**

<u>आर्थिक ऐन, २०७६</u>

**प्रस्तावनाः**

खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थ गर्न वाञ्छनीय भएकोलेः

नेपालको धारा २८८ को उपधारा (२) बमोजिम खाँडादेवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्ररम्भः** (१) यस ऐनको नाम खाँडादेवी गाउँपालिकाको आर्थिक ऐन, २०७६ रहेको छ ।

२. **सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर/घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर , पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची -३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूची -६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसायमा सेवामा अनसूची-७ बमोजिम वयवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-८ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-९ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जीजम्पिङ, जिपफ्लायर र न्याफि्टिङ शुल्कः** गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र न्याफटिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची-१० बमोजिजमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-११ मा उल्लेखित स्थानीय पूर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसची-१२ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन।

**१५. कर शुल्क तथा प्रशासनिक व्यवस्थापन संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा व्यवस्था भए अनुसार कर शुल्क तथा प्रशासनिक व्यवस्थापन संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूची-१**
**(दफा २ सँग सम्बन्धित)**

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकिकृत सम्पति करको वार्षिक दर

**१.घरजग्गा करः**

**घरजग्गाको मूल्य करको दर**

| घरजग्गाको एकिकृत सम्पतीको मूल्य | करको दर (वार्षिक) |
|---|---|
| **पहिलो दस लाख सम्म रुपैयाँसम्म** | १००/- |
| **त्यस पछिको रु १० लाखसम्म** | ३००/- |
| **त्यस पछिको रु ३० लाख सम्म** | ०.०५% |
| **त्यस पछिको रु ५० लाखसम्म** | ०.२५% |
| **त्यस पछिको रु १ करोडसम्म** | ०.५०% |
| **त्यस पछिको रु बाँकी रकममा** | १.५०% |

**२. घरजग्गाको मूल्यांकन गर्ने तरिका**

१. घरजग्गामा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गीकरण र मूल्यांकन देहाय बमोजिम हुनेछः

(क) घरको बनोटको वर्गिकरणः

(१) भित्र काँचो बाहिर इँटामा माटोको जोडाई भएका सबै किसिमका घर र काठबाट बनेका घर।

(२) भित्र बाहिर पाको इँटा वा ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर।

गाउँपालिका

(३) भित्रबाहिर पाको इँटामा सिमेन्ट वा बज्रको जोडाइ भएका सबै किसिमका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

**३. नक्सापासको मूल्यांकनः**

| भवनको प्रकृति | शुल्क प्रति वर्गफिट |
|---|---|
| १.व्यवसायिक भवन (सटर सहित) | ७/- |
| २. आर.सि.सि. फ्रेम स्ट्रक्चर | ५/- |
| ३.स्टिल स्ट्रक्चर | ४/- |
| ४.भारवहन घर | ३/- |

**(ख) घरको मूल्यांकन**

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रतिवर्ग टुटफुट कटि्ट दर प्रतिशत | प्रतिशत जम्मा वर्ष |
|---|---|---|---|
| प्रकरण २(१) (क)(१) बमोजिमको घर | ४५०/- | ३.०० | २५ |
| प्रकरण २ (१)(क)(२) बमोजिमको घर | ५३५/- | २.०० | ३० |
| प्रकरण २ (१)(क)(३) बमोजिमको घर | ५७५/- | १.०० | ७० |
| प्रकरण २ (१)(क)(४) बमोजिमको घर | ६३५/- | ०.७५ | १०० |

(ग) काँचो इँटा वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्यांकन गरिने छैन ।

(घ) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्यांकन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्यांकन गरिनेछ ।

(२) घर जग्गामा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकोको दर बमोजम जग्गाको मूल्यांकन गरिनेछ ।

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**भूमिकर मालपोतको दर**

| क्र.सं. | वर्ग | न्यूनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अब्बल | २५/- | १५/- | ५/- | ४/- |
| २ | दोयम | २०/- | १०/- | ४/- | ३/- |
| ३ | सिम | १५/- | ५/- | ३/- | २/- |
| ४ | चाहार | १०/- | ३/- | २/- | १/- |

**अनुसूची-३**
**(दफा ४ सँग सम्बन्धित)**
**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने**
**घरबहाल करको दर**

१. आफ्नो क्षेबभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिइएकोमा सम्बन्धित धनीबाट बहालको रकमको बढीमा दुई प्रतिशतसम्म ।

खाँडादेवी गाउँपालिका

अनुसूची-४

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

व्यवसाय करको वार्षिक दर

**१. व्यापारिक वस्तुः**

क) चुरोट, रक्सी, ज्वेलरी (सुनका जलप लगायतका गरगहना समेत) भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा रु ७५०/- (सातसय पचास रुपैयाँ मात्र)।

ख) निर्माण सामाग्री, कम्प्यूटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुका थोक तथा खुद्रा व्यापारमा रु.५००/-(पाँचसय रुपैंया मात्र)।

ग) दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा आदिको थोक तथा खुद्रा व्यापारमा रु.५००/-(पाँचसय रुपैया मात्र)

**२. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवाः**

| विशेषज्ञ परामर्श तथा व्यसायिक सेवा | वार्षिक करको दर |
|---|---|
| चिकित्सक | ५००/- |
| कविराज | ५००/- |
| इन्जिनियरीङ व्यवसाय | २,५००/- |
| कानून व्यवसायी | ५००/- |
| लेखापरिक्षक | ५००/- |
| दन्त चिकित्सक | ५००/- |
| अनुसन्धानकर्ता तथा परामर्श दाता | ५००/- |
| कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ५००/- |
| वीमा एजेण्ट | ५००/- |
| सर्भेयर | ५००/- |
| अनुवादक | ५००/- |
| पशु चिकित्सक | ५००/- |
| शेयर दलाल | ५००/- |
| सामान ढुवानीकर्ता तथा कम्पनी | ७५०/- |
| संस्थागत पेण्टर | ५,०००/- |

| | |
|---|---|
| **सूर्तिजन्य पदार्थ** | २,०००/- |
| **निर्माण सामाग्री** | १,५००/- |
| **पेट्रोलजन्य सामाग्री** | २५००/- |
| **कम्प्युटर, टेलिभिजन सेवा** | १०००/- |

**५.उत्पादन मुलक उद्योगः**

कोरा माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा रु २,०००/- दुई हजार रुपैंयाँ मात्र ।

**६. उर्जामुलक उद्योगः**

जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा रु २,०००/-(दुई हजार मात्र)

**७. कृषि तथा वनजन्य उद्योगः**

मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा रु.१,५००/-(एक हजार पाँचसय मात्र)

**८. खनिज उद्योगः**

खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा रु.१,५००/- ( एक हजार पाँचसय मात्र)

**९. पर्यटन उद्योगः**

पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ज्वाइलिङ, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, आरोहण आदि उद्योग व्यवसायमा रु.१,०००/-(एक हजार मात्र)

**१०. सेवा उद्योगः**

छापाखाना, परामर्श सेवा जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा रु ४००/-(चार सय मात्र) ।

**११. निर्माण उद्योगः**

सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाईङ वृज तथा औद्योगिक, व्यपारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा रु १,०००/- ( एकहजार मात्र) ।

**१२. सञ्चार सेवाः**

(क) निजी क्षेत्रको हुलाक सेवामा रु ४००/- चार सय रुपैँया मात्र।

(ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइ.एस.टिडी, एसटीडि, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदिमा रु ४००/- चारसय रुपैया मात्र।

**(ग) वित्तिय सेवाः**

| वित्तिय सहयोग | करको दर (वार्षिक) |
|---|---|
| नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | १०,०००/- |
| आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ७,०००/- |
| वित्तिय कम्पनी शाखा कार्यालय | २,०००/- |
| वीमा कम्पनी | ७,०००/- |
| विदेशी मुद्रा सटही | १,५००/- |
| धितो पत्र कारोबार | १,५००/- |
| सहकारी बैंक | १,५,००/- |
| बचत ऋण तथा सहकारी संस्था | ५,०००/- |
| कृषि सहकारी संस्था | ३,०००/- |
| महिला सहकारी संस्था | २,०००/- |

**१३. स्वास्थ्य सेवाः**

| स्वास्थ्य सेवा | करको दर (वार्षिक) |
|---|---|
| गैरसरकारी अस्पताल | २,०००/- |
| नर्सिङ होम | ३,०००/- |
| क्लिनिक तथा ल्याव | १,०००/- |

**१४. शिक्षा सेवाः**

| शिक्षा सेवा | करको दर वार्षिक |
|---|---|
| नीजि क्षेत्रका स्कुल क्याम्पस, विश्वविद्यालय | ५००/- |
| तालिम तथा अनुसन्धान केन्द्र | १,५००/- |
| टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण | १,५००/- |
| अन्तराष्ट्रिय गैर सरकारी संस्था | २,५००/- |

श्रीनगरी गाउँपालिका

## १५. मर्मत संभार सेवाः

| मर्मत संभार सेवाः | करको दर वार्षिक |
|---|---|
| हेभि इक्वपमेन्ट बस, ट्रक, कार, मोटरसाइकल, टेम्पो मर्मत कारखाना | १,०००/– |
| साईकल मर्मत कारखाना | ५००/– |
| रेडियो, टि.भी. घडी, प्रदेश प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामाग्री | ५००/– |

## १६. अन्य सेवाः

| सेवा | करको दर वार्षिक |
|---|---|
| वैदेशिक रोजगार सेवा | १,०००/– |
| स्वदेशी रोजगार सेवा | ५००/– |
| सेक्रेटियल सेवा | १,०००/– |
| हाउजिङ कम्पनी तथा घर जग्गा खरिद विक्री रियलस्टेट | १,५००/– |
| व्यूटिपार्लर, केश श्रृगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | ५००/– |
| साईन वोर्ड पेन्टिङ सेवा | ५००/– |
| पशु बधशाला | ५००/– |
| मासु विक्रेता | ५००/– |
| फूल र विरुवा विक्रेता | ५००/– |
| पुल हाउस | ५००/– |
| खोटो व्यवसायी | ५००/– |
| भाँडाकुँडा विक्रेता | ५००/– |
| स्टिल कलकाराखाना, काठ, फर्निचर विक्रेता | ५००/– |
| खेलौना उपहार गिफ्ट विक्रेता | ५००/– |
| केवुल, नेटवर्किङ | १,०००/– |

## १७. अन्य व्यवसायः

| व्यवसाय | करको दर वार्षिक |
|---|---|
| पार्क, पिक्निक स्पट | ८००/– |
| टुर अपरेटर | २५००/– |

| | |
|---|---|
| **मसाज पार्लर** | १०००/- |

**१८. व्यवसाय कर (अस्थायी हाट बजार वा घुम्ती पसल)**

यस अघि अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएता भएपनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर:

(क) कपडा व्यापार- १००/-
(ख) खाद्यान्न- १००/-
(ग) भाँडा पसल- ५०/-
(घ) तरकारी तथा फलफूल- १०/-
(ङ) इलेक्ट्रोनिक सामाग्री- ५०/-
(च) होटल व्यवसाय- २००/
(छ) चौपाया प्रतिगोटा- २०/-
(ज) हाँस, कुखुरा प्रतिगोटा- ५/-
(झ) चटपटे, पानीपुरी - ५०/-
**(ञ)** घुम्ती मोवाईल पसल, खुन्चा समेतमा-२०/-
(ट) साग सब्जी र फलफुल पसल- ५/-
(ठ) अन्य - ५/-

१९. माथिको वर्गिकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक २००/-

अनुसूची-५
(दफा ६ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**सवारी करको वार्षिक दर**

**१. सवारी दर्ता तथा वार्षिक सवारी कर:**

| सवारी दर्ता तथा वार्षिक सवारी कर | करको दर |
|---|---|
| बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | १०००/- |
| भाडाका कार, जीपमा | २००/- |
| भाडाको टेम्पोमा | १००/- |
| भाडाको मिनिबसमा | ५००/- |
| निजी कार, टेम्पो, मिनिबस | १००/- |
| स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | ५०/- |
| ठेलगाढा तथा रिक्सामा | १५/- |

**द्रष्टव्यः** एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक कर लिने छैन ।

अनुसूची-६

(दफा ७ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**विज्ञापन करको वार्षिक दर**

| विज्ञापनको प्रकृति | करको दर |
|---|---|
| गाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रतिपटक) | १००/- |
| स्टल राखी विज्ञापन गर्ने | १००/- |
| कन्सर्ट (प्रतिपटक) | २००/- |
| तुल व्यानर राखी विज्ञापन प्रतिपटक | २००/- |

अनुसूची-७

(दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**मनोरञ्जन करको वार्षिक दर**

१. सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनहल, थिएटर सङगीत, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्कमा दुई प्रतिशत कर लाग्ने छ ।
   तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिने छैन ।

२. जादु, सर्कस, चटक आदिमा प्रति दिन २००/-कर लिइनेछ ।

अनुसूची-८

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**बहाल बिटौरी शुल्कको दर**

**१.** आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्गफुट मासिक बहाल विटौरी माकादुम गाल्वा बजार र भिरपानी सित्खा बजारमा रु ५/– पाँच र बाँकी राकाथुम, मझुवा, भीरपानी, पकरवास, खाँडादेवी, गागलभदौरे, पिंखुरीमा २(दुई) रुपैंया मात्र ।

खाँडादेवी गाउँपालिका

अनुसूची-९
(दफा १० सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
**पार्किङ शुल्कको दर**

| सवारी साधन | पार्किङ शुल्कको दर एकपटक |
|---|---|
| बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | ५०/- |
| कार, जीप, टेम्पो मिनिबस | २५/- |
| स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | १०/- |

अनुसूची-१०
(दफा ११ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, जिपफ्यालार र
ऱ्याफ्टिङ शुल्कको दर

१. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जिजम्पिङ, जिपफ्यालार र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन गर्ने संस्थाबाट वार्षिक ५००/- लिइनेछ ।

अनुसूची-११
(दफा १२ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा लाग्ने शुल्कको दर

| क.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २००/- | |
| २ | मोही लगत कट्टा सिफारिस | २००/- | |
| ३ | घर कायम सिफारिस | २००/- | |
| ४ | छात्रावृत्ति सिफारिस | निशुल्क | |
| ५ | विपन्न विद्यार्थी छात्रावृत्ति सिफारिस | १५०/- | |
| ६ | अपांग सिफारिस | निशुल्क | |
| ७ | अस्थायी बसोवास सिफारिस | १००/- | |
| ८ | स्थायी बसोवास सिफारिस | २००/- | |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | ५०/-र<br>१००/- | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५००/- | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १०००/- | |

| | | |
|---|---|---|
| १३ | विद्युत जडान सिफारिस | २००/– |
| १४ | धारा जडान सिफारिस | २००/– |
| १५ | जिवित रहेको सिफारिस | १००/– |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/फरक जन्म मिति संसोधन सिफारिस | १००/– |
| १७ | जग्गा मूल्यांकल सिफारिस र प्रमाणित | ५००/– |
| १८ | व्यवसाय वन्द सिफारिस | १००/– |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | १००/– |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १००/– |
| २१ | कोट फी मिनाहा सिफारिस | निशुल्क |
| २२ | नावालक परिचयपत्र सिफारिस | १००/– |
| २३ | चौपाय सम्बन्धि सिफारिस | १००/– |
| २४ | व्यवसाय दर्ता सिफारिस | ३००/– |
| २५ | उद्योग ठाउँसारी सिफारिस | ३०००/– |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | १०००/– |
| २७ | आन्तरिक बसाईसराई सिफारिस | १००/– |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १००/– |
| २९ | जग्गा दर्ता सिफारिस | २००/– |
| ३० | संरक्षक सिफारिस (व्यक्तिगत) | १००/– |
| ३१ | संरक्षक सिफारिस (संस्थागत) | १००/– |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायाम सिफारिस | निशुल्क |
| ३३ | जिवित सँगको नाता प्रमाणित | १००/– |
| ३४ | मृतक सँगको नाता प्रमाणित | १००/– |
| ३५ | कोठा खोल्ने कार्य/रोहबरमा बस्ने कार्य | १५०/– |
| ३६ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | निशुल्क |
| ३८ | संस्था दर्ता सिफारिस | २००/– |
| ३९ | घरबाटो प्रमाणित | २००/– |
| ४० | चार किल्ला प्रमाणित | २००/– |
| ४१ | जन्म मिति प्रमाणित | १००/– |
| ४२ | विवाह प्रमाणित | १००/– |
| ४३ | कागज मन्जुरीनामा प्रमाणित | १००/– |
| ४४ | हकवाला वा हकदार प्रमाणित | १००/– |
| ४५ | अविवाहित प्रमाणित | १००/ |
| ४६ | जग्गा रेखांकनको कार्य वा सो कार्यमा रोहबर | २००/– |
| ४७ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १००/– |
| ४८ | पूर्जामा घर कायम गर्ने सिफारिस | २००/– |
| ४९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रतिपेज २००/– |

खाँडादेवी गाउँपालिका

| | | |
|---|---|---|
| ५० | मिलापत्र कागज/उजुरी दर्ता | १००/– |
| ५१ | जन्मदर्ता | ५०/– |
| ५२ | मृत्यु दर्ता | ५०/– |
| ५३ | बसाई सरी आउने/जाने दर्ता | १००/– |
| ५४ | पक्का घरको सर्जिमिन वापत | ५००/– |
| ५५ | अन्य सबै प्रयोजनको सर्जमिन बापत | ५००/– |
| ५६ | अचल सम्पति मूल्यांकन | ०.१०% |
| ५७ | रकम कलम उठाई दिए वापत | ५% |
| ५८ | सम्बन्धविच्छेद दर्ता | २००/– |
| ५९ | विवाह दर्ता | १००/– |
| ६० | नयाँ व्यवसाय दर्ता | १००/– |
| ६१ | व्यवसाय नविकरण दर्ता | २००/– |
| ६३ | उल्लेखित बाहेक अन्य सिफारिस | प्रमाणित २०० |
| ६३ | उल्लेखित बाहेक अन्य सिफारिस | संसोधन २०० |

**अनुसूची-१२**
**(दफा १३ सँग सम्बन्धित)**
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्कको दर

१. खाँडादेवी गाउँपालिका भित्र प्रवेश गर्ने आन्तरिक पर्यटकबाट प्रति पर्यटक रु.२५/- शुल्क लिइनेछ।
तर, विद्यार्थीहरुलाई पर्यटक शुल्क लिइने छैन।

२. खाँडादेवी गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने विदेशी पर्यटकबाट प्रति पर्यटक रु.२००/- शुल्क लिइनेछ।
तर, विद्यार्थीहरुबाट लाग्ने शुल्कको पचास प्रतिशत मात्र शुल्क लिइनेछ।

**३. निर्माण व्यवसायः**

"क" वर्गको निर्माण व्यवसायी- १०,०००/-
"ख" वर्गको निर्माण व्यवसाय- ५,०००/-
"ग" वर्गको निर्माण व्यवसाय- ३,०००/-
"घ" वर्गको निर्माण व्यसाय- २,०००/-
नक्सा पास फाराम शुल्कः ५००/-

खाँडादेवी गाउँपालिका

**४. जे.सि.वि. संचालन प्रति घण्टा शुल्कः**

(क) उपभोक्ता समिति- १२००/-

(ख) निजी र संघसंस्था- १५००/-

(ग) जे.सि.वि. अपरेटर शुल्क-२००/-

५. शुद्ध खानेपानी सर्वसाधारण प्रति ट्याङ्कर-२५००/-

६. खानेपानी व्यवसायिक प्रयोजन प्रति ट्याङ्कर-४०००/-(होटल, व्यवसाय, व्यापार, घर निर्माण)

७. जग्गा नापजाँच सेवा शुल्कः

(क) १० कित्ता सम्म-१०००/-

(ख) १० कित्ता भन्दा माथि-१५००/-

**सभाबाट पारित मितिः २०७६।०३।२३**

**प्रमाणीकरण मितिः २०७६।०३।२५**

**आज्ञाले,**

**विष्णु प्रसाद सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.१०।-